म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- ७८ २०८० माघ २२ गते सोमबार 5 February 2024, Monday - पृष्ठ ४ मूल्य रु. ५/-

धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं ।

- धुम्रपान र मद्यपानले जाडो घट्ने वा हट्ने होईन ।
- यसले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरजस्ता दीर्घकालिन रोग लाग्न सक्छ ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं ।
- कुलतमा रहेकाले त्याग्ने प्रण गरौं
- यसले तपाई र तपाईको परिवारलाई असर पुऱ्याउँछ

त्यसैले,
धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# क्रिकेटको राष्ट्रिय टिममा मकवानपुरका रिजन



*मकवानपुरे खेलाडी रिजन बुबा राजु ढकालसँग । रिजनको खेल जिवनमा परिवारको महत्वपूर्ण साथ र सहयोग छ ।*

समाज संवाददाता

हेटौँडाः नेपाली राष्ट्रिय क्रिकेट टिममा मकवानपुरका रिजन ढकाल पनि छानिएका छन् । क्यानडाविरुद्ध हुने एकदिवसीय सिरिज र अर्को साता सुरु हुने आइसीसी क्रिकेट विश्वकप लिग-२ अन्तर्गत सिरिजका लागि प्रशिक्षक मोन्टि देशाइले मकवानपुरका ढकाललाई पनि समावेश गरे हुन् । देशाइले रोहित पौडेलको कप्तानीमा दुई फरक टोली घोषणा गरेका छन् ।

बायाँ हाते मध्यम गतिका बलर ढकाल क्रिकेटको राष्ट्रिय टिममा पर्ने दोस्रो मकवानपुरे खेलाडी हुन् । यसअघि राम नरेश गिरीले राष्ट्रिय टिममा खेलिसकेका छन् । १५ वर्षको उमेरमा यु-१६ राष्ट्रिय टिममा परेका ढकाल यु-१९ राष्ट्रिय टिममा पनि खेलिसकेका छन् । पोखरामा भएको केपी ओली कप र काठमाडौंमा भर्खरै सकिएको प्रधानमन्त्री कप क्रिकेट खेलेका ढकाल राष्ट्रिय टिममा पर्नु मकवानपुरका लागि गर्वको विषय भएको राम नरेश गिरी बताउनुहुन्छ । सन् २०१३ देखि २०१५ सम्म राष्ट्रिय टिममा खेल्नुभएका गिरी ९ वर्षपछि राष्ट्रिय टिममा मकवानपुरे खेलाडी समेटिनु खुसीको कुरा भएको बताउनुहुन्छ ।

रिजनले प्रधानमन्त्री कप क्रिकेटमा बागमती प्रदेशबाट ९ खेल खेल्दै १५ विकेट लिनुभएको थियो । कर्णाली प्रदेशविरुद्ध ५ विकेट लिनुभएका रिजनले नेपाल पुलिसविरुद्ध ३ विकेट लिनुभएको थियो । २३ वर्षीय रिजन राष्ट्रिय टिममा समावेश हुने लक्ष्यसहित भारतमा समेत पटक-पटक प्रशिक्षणका लागि पुग्नुभएको छ ।

क्यानडाविरुद्ध सिरिजमा युवा खेलाडी र नयाँ अनुहारले अवसर पाउँदा लिग-२ को लागि बलियो टोलीको घोषणा भएको छ । दुवै खेलका लागि १५ सदस्यीय टोली सार्वजनिक गरिएको छ । क्यानडाविरुद्ध हुने तीन खेलको सिरिजमा ३ नयाँ अनुहारसहित ४ डेब्यु गर्न बाँकी रहेका खेलाडी टोलीमा रहेका छन् । नेपालले क्यानडासँग फेब्रुअरी ८, १० र १२ मा तीन खेलको सिरिज खेल्दैछ । त्यस्तै फेब्रुअरी १५ देखि २५ सम्म नेपाल, नामिबिया र नेदरल्यान्ड्सबीच लिग-२ को पहिलो त्रिकोणात्मक सिरिज हुनेछ ।

क्यानडा सिरिजका लागि नेपाल यू-१९ कप्तान देव खनालसहित तीव्र गतिका आकाश चन्द र विश्वकप गुमाएका हेमन्त धामी टोलीमा रहेका छन् । त्यस्तै स्पिनर सूर्य तामाङ पनि टोलीमा छन् । देवबाहेक अन्य ४ युवा खेलाडीले भने ओडीआई डेब्यु गर्न बाँकी छ । देव र आकाशले यू-१९ विश्वकपमा प्रभाव जमाएका कारण टोलीमा स्थान बनाएका हुन् । त्यस्तै हेमन्त भने चोटका कारण विश्वकपमा नगएपनि नेपालमै रहेर रिह्याब गरिरहेका थिए । उनलाई प्रशिक्षक देशाइले विगतमा नेट्समा पनि हेरेका थिए । रिजन र सूर्य प्रधानमन्त्री कपमा प्रभाव जमाएपछि टोलीमा आएका हुन् । रिजनले बायाँ हाते बलरको भूमिकामा आफ्नै प्रदेशका प्रतिसलाई पछि पारेका हुन् ।

क्यानडा सिरिजका लागि पवन सर्राफ र अनिल शाहले टोलीमा पुनरागमन गरेका छन् । पवन लिग-२ टोलीमा पनि समावेश छन् । क्यानडा सिरिजमा अलराउन्डर दीपेन्द्रसिंह ऐरी, करण केसी, गुलशन झा लगायतलाई विश्राम दिइएको छ । विकेटकिपर अर्जुन साउदको नाम पनि क्यानडा सिरिजको टोलीमा छैन । त्यस्तै त्रिकोणात्मक सिरिजका लागि भने युवा खेलाडीमा सूर्य तामाङ र रिजन ढकाल टोलीमा कायम छन् । आकाश चन्द र हेमन्त धामी बाहिर रहँदा देव वैकल्पिकमा छन् । पवन लिग-२ टोलीमा पर्दा विकेटकिपर अनिलसँगै प्रतिस जिसी र विवेक यादव पनि वैकल्पिक छन् ।

# घरेलु टोलीलाई हराउँदै बागमती क्लब सेमीफाइनलमा



*बल नियन्त्रणमा लिने प्रयास गर्दै बागमतीका खेलाडी (अगाडि) ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडामा जारी छैठौँ संस्करणको मकवानपुर गोल्डकप फुटबल प्रतियोगितामा घरेलु टोली रिगल हेटौँडा रिसोर्ट एन्फा मकवानपुरलाई हराउँदै बागमती युथ क्लब सर्लाही सेमीफाइनलमा प्रवेश गरेको छ । हेटौँडा-६ स्थित गौरिटार रंगशालामा भएको खेलमा घरेलु टोली मकवानपुरलाई टाइब्रेकरमा ४-२ गोलअन्तरले हराउँदै बागमती युथ सेमीफाइनलमा प्रवेश गरेको हो ।

निर्धारित समयमा २-२ गोलको बराबरीमा सकिएपछि नतिजाका लागि टाइब्रेकरको सहायता लिनु परेको थियो । बागमतीका लागि पहिलो हाफको ४४ औँ मिनेटमा अभि लामाले गोल गर्दै खेलमा अग्रता बनाएका थिए । "ए" डिभिजन क्लब र राष्ट्रिय टिमका खेलाडी सहभागी घरेलु टोलीले बागमतीलाई सहज मानेर खेल्दै गर्दा खेलमा सुरुवाती अग्रता भने बागमतीले बनाउन सफल भयो । पहिलो हाफ १-० को अग्रता बनाएको बागमतीले दोस्रो हाफको सुरुवातमा केही दबाब व्यहोर्नु पऱ्यो । पहिलो हाफ १ गोलले पछि परेको घरेलु टोली मकवानपुरका लागि दोस्रो हाफको ५५ औं मिनेटमा बराबरी गोल सम्भव भयो । मकवानपुरका लागि विदेशी खेलाडी स्टेफन समीरले गोल गरे ।

दोस्रो हाफ प्रतिस्पर्धात्मक बनेको खेलमा ८० औं मिनेटमा बागमतीका सब्स्टिच्युट खेलाडी अनिल राना मगरले गोल गर्दै बागमतीलाई दोस्रो पटक अग्रता दिलाए । २-१ गोलअन्तरले पछि परेको स्थितिमा घरेलु टोलीका लागि ८९ औं मिनेटमा विदेशी खेलाडी स्टेफन समीरले व्यक्तिगत दोस्रो गोल गर्दै टिमलाई खेलमा फर्काएका थिए । निर्धारित समय २-२ को बराबरीमा सकिएपछि खेल टाइब्रेकरमा पुग्यो ।

टाइब्रेकरमा बागमतीका अभिषेक महतो, आयुष रानामगर निर्मल बल र अनिल राना मगरको प्रहार गोल हुँदा मकवानपुरका अमित तामाङको प्रहार पोल नजिकैबाट बाहिरियो भने सुरज ज्यू ठकुरीको प्रहार बागमतीका गोलरक्षक रौनक चौलागाईले रोके । मकवानपुरका लागि स्टेफन समीरर अञ्जन विष्टको प्रहार गोलमा परिणत भए पनि हार टार्न सकेन । म्यान अफ द म्याच बागमतीका गोलरक्षक रौनक चौलागाईं घोषित भए । चौलागाईले नगद १० हजार रुपैयाँसहित ट्रफी प्राप्त गरे । आज सोमबार त्रिभुवन आर्मी क्लब र राजारानी क्लब धनकुटा बीच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताको उपाधि विजेता टिमले १५ लाख रुपैयाँ र उपविजेता टिमले १० लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडीले ३५० सिसीको बुलेट बाइक प्राप्त गर्नेछन् । प्रतियोगिताको फाइनल खेल माघ २७ गते हुनेछ ।

# पालिका प्रमुखलाई बलियो बनाइँदै

काठमाडौंः संघीय सरकारले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई संशोधन गर्न तयारी सुरु गरेको छ । करिब साढे ६ वर्षको अभ्यासका क्रममा ऐनमा देखिएका अस्पष्टता हटाउने र कतिपय छुटेका विषयहरुलाई समेट्ने गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ऐनमा संशोधनको लागि सुझाव लिन थालेको हो ।

मन्त्रालयका सहसचिव सुमन दाहाल स्थानीय सरकारलाई बलियो, अझ प्रभावशाली ढंगले काम गर्न स्पष्ट रुपमा कार्यक्षेत्र र अधिकार दिन ऐनको संशोधनबारे छलफल थालिएको बताउँछन् । अहिले प्रारम्भिक रुपमा अवधारणा मात्रै बनेको भन्दै उनले सबै सरोकारवाला पक्षसँग छलफल र सुझाव लिएर ऐन संशोधनको प्रक्रियामा अघि बढ्ने बताए ।

असोज २०७४ मा जारी भएको ऐनलाई समय सान्दर्भिक बनाउने, कतिपय संघीय कानुनसँग बाझिएका व्यवस्थाहरु हटाउने र विगतमा परिकल्पना नभए पनि ६ वर्षको अभ्यासमा क्रममा आवश्यक देखिएका व्यवस्थाहरु समेत राख्न लागिएको उनले बताए । मन्त्रालयले संशोधनको अवधारणामा मूलरुपमा पालिका प्रमुख (अध्यक्ष/मेयर)को भूमिका र अधिकारलाई थप स्पष्ट पार्ने योजना बनाएको छ । स्थानीय तहका प्रमुखलाई संघका प्रधानमन्त्रीले जसरी काम गर्न सक्ने वातावरण बनाउन ऐनले विभिन्न व्यवस्था गर्न तयारी गरिरहेको छ । अध्यक्षले गर्न सक्ने सामान्य प्रकृतिका निर्णयहरु पनि नगरसभामै लैजानुपर्ने व्यवस्थाले स्थानीय तहभित्र झमेला र समस्या बढाएको मन्त्रालयको निष्कर्ष छ ।

हालको ऐनका कतिपय व्यवस्थाहरु स्पष्ट नहुँदा केही स्थानीय तहमा अल्पमतमा परेका मेयरलाई स्थानीय तह चलाउन समस्या पर्ने गरेको छ । चरम राजनीतिकरणका कारण कतिपय स्थानीय तहका मेयरहरु नीति तथा कार्यक्रम र बजेट समेत पारित गर्न नसकेर निरीह बन्ने गरेका छन् । अहिले यो समस्या धेरै मधेश प्रदेशका पालिकामा देखिएको छ । *स्रोतः अनलाइनखबर ।*

# लागुऔषध भारतीय नागरिक पक्राउ

समाज संवाददाता

हेटौँडाः मकवानपुर प्रहरीले लागुऔषध ओनरेक्ससहित एकजना भारतीय नागरिकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारतको मोतिहारी जिल्लाका १७ वर्षीय आरके यादव रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

शनिबार बिहान ६ बजेर २५ मिनेटको समयमा वीरगञ्जबाट हेटौँडा हुँदै नारायणगढतर्फ जाँदै गरेको ना ७ ख ३५०९ नम्बरको बसलाई रोकी सुरक्षाजाँच गर्ने क्रममा बसमा सवार यादवको साथबाट लागुऔषध बरामद भएको प्रहरीले जनाएको छ । शरीरमा टेपले टाँसेर ल्याएको ६० पिस ओनरेक्स लागुऔषध फेला पारी बरामद गरेको जनाएको छ । उक्त लागुऔषधसहित यादवलाई नियन्त्रणमा लिएर थप अनुसन्धानका लागि जिल्ला प्रहरी मकवानपुरमा ल्याइएको छ भने बसलाई शनिबार नै गन्तव्यतर्फ छोडिदिएको प्रहरीले जनाएको छ ।

# मकवानपुरमा घट्दो जग्गाको कारोबार

# झण्डै ११ करोडले घट्यो राजश्व

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा पछिल्लो समय जग्गाको कारोबार घटेको छ । कोभिड-१९ महामारीको समयदेखि सुस्ताएको घरजग्गा कारोबार कोभिड महामारी हटेपनि मौलाउन नसकेको हो ।

घरजग्गा कारोबार घटेसँगै राजस्व संकलनमा पनि गिरावट आएको छ । चालु आर्थिक वर्ष २०८०/०८१ को पुस मसान्तसम्म मालपोत कार्यालय मकवानपुरबाट भएका जग्गाको कारोबारबाट १५ करोड ७८ लाख ८० हजार ६६२ रुपैयाँ राजस्व आम्दानी गरेको छ । जुन गत आर्थिक वर्षको भन्दा साढे ७ करोडले कम रहेको छ ।

मालपोत कार्यालय मकवानपुरबाट थाहा नगरपालिका, इन्द्रसरोबर गाउँपालिका र कैलाश गाउँपालिकाको आग्रा र गोङ्टेबाहेकका अन्य स्थानीय तहको जग्गाको कारोबार हुँदै आएको छ । कार्यालयले चालु आर्थिक वर्षको साउन महिनामा रजिष्ट्रेशन दस्तुर, राप्ती संरक्षण कोष, न्यायिक दस्तुर रोक्का, सेवा शुल्क तथा अन्य प्रशासनिक दस्तुर, पुँजीगत लाभकर गरी २ करोड ६३ लाख ७ हजार ४९३ रुपैयाँ राजस्व संकलन गरेको छ ।

भदौ महिनामा २ करोड ४२ लाख ६० हजार ४१५ रुपैयाँ राजस्व संकलन गरेको कार्यालयले असोज महिनामा ३ करोड ९९ लाख ७२ हजार ८७८ रुपैयाँ राजस्व संकलन गरेको छ । यस्तै, कात्तिकमा १ करोड ३४ लाख ५१ हजार ७८६ रुपैयाँ र मंसिरमा २ करोड ६५ लाख ७५ हजार ४४९ रुपैयाँ राजस्व आम्दानी गरेको मालपोत कार्यालय मकवानपुरले पुस महिनामा २ करोड ७८ लाख ६ हजार ९१ रुपैयाँ राजस्व आम्दानी गरेको हो ।

गत आर्थिक वर्ष २०७९/०८० को साउनदेखि पुससम्मको पहिलो ६ महिनाको अवधिमा कार्यालयले २३ करोड ३६ लाख १ हजार ६३६ रुपैयाँ आम्दानी गरेको थियो । कार्यालयले अघिल्लो आर्थिक वर्ष २०७८/०७९ को पुस मसान्तसम्म २६ करोड ६० लाख ७२ हजार ३६९ रुपैयाँ राजस्व आम्दानी गरेको थियो ।

मालपोत कार्यालय राजस्व आम्दानीको एक स्रोत रहेको छ । यस कार्यालयले जग्गाको विभिन्न कारोबारबाट राजस्व आम्दानी गर्दै आएको छ । पछिल्लो समय कार्यालयमा कारोबार घट्दो क्रममा रहेको देखिएको छ । अघिल्लो आर्थिक वर्ष २०७८/०७९ को तुलनामा गत आर्थिक वर्ष २०७९/०८० मा ३ करोड २४ लाख ७० हजार ७३३ ले कम राजस्व आम्दानी भएको थियो । आर्थिक वर्ष २०७८/०७९ को तुलनामा चालु आर्थिक वर्षमा १० करोड ८१ लाख ९१ हजार ७०७ रुपैयाँले राजस्व कम संकलन भएको छ । पछिल्लो ३ वर्षको राजस्व संकलनको तथ्याङ्क हेर्दा भारी गिरावट भएको देखिएको छ ।

चालु आर्थिक वर्षको केही समय जग्गाको कित्ताकाट बन्द, आर्थिक मन्दीका कारण जग्गाको कारोबार घटेसँगै राजस्व घटेको हो । पहिले मानिसले जग्गा धितो राखी बैंकबाट ऋण लिएर व्यापार व्यवसायमा लगानी गर्दथे भने पछिल्लो समय लगानी गर्ने क्रम पनि घटेको छ । घरजग्गा धितो राखेर बैंकबाट ऋण लिने र घरजग्गा किनबेच दुबै घटको कारण राजस्वमा गिरावट आएको हो ।

जग्गा भाडामा चाहियो ?

हेटौँडा-५, शान्तिनगरस्थित उद्योग, वर्कसप समेत सञ्चालन गर्न मिल्ने ५ कठ्ठा जमिन भाडामा दिनुपर्ने भएकोले इच्छुक व्यक्ति वा



संस्थाले तुरुन्त सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बरः ९८४९४५४६८३

## सम्पादकीय

# निर्णय लुकाउनु गम्भीर त्रुटी

स्थानीय सरकारलाई गाउँघरको सिंहदरबार भन्ने गरिएको छ । जनताको घरदैलोको सरकारको रुपमा रहेको स्थानीय सरकार र त्यसले गर्ने विभिन्न निर्णयप्रति स्थानीय जनताको चासो हुने गर्दछ । संघीयता कार्यान्वयनसँगै स्थानीय सरकारलाई पनि संघीय र प्रदेश सरकारजस्तै मानिएको छ । गाउँपालिका वा नगरपालिकाको रुपमा रहेका स्थानीय तह नै स्थानीय सरकार हो । यसको गाउँ वा नगरसभालाई व्यवस्थापिकाको रुपमा लिने गरिन्छ, जसको बैठक सामान्यतया: ६-६ महिनाको अन्तरालमा वर्षको दुईपटक बस्छ । गाउँ वा नगर कार्यपालिकालाई सरकार वा मन्त्रिमण्डलको रुपमा मान्ने गरिएको छ । स्थानीय तहका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, प्रत्येक वडाका वडा अध्यक्ष कार्यपालिका सदस्य हुन्छन् । साथै, गाउँसभाले चुनेको थप केही व्यक्ति कार्यपालिका सदस्यका रुपमा रहने व्यवस्था छ । कार्यपालिका बैठक मासिक वा आवश्यकताअनुसार बस्ने गरेको छ । कार्यपालिका बैठकले गाउँपालिका वा नगरपालिकाले गर्ने कार्यको निर्णय गर्ने गर्दछ ।

कार्यपालिका बैठकले गरेका निर्णय सम्बन्धित कार्यपालिकाका बासिन्दाले थाहा पाउन मुस्किल पर्ने गरेको छ । स्थानीय सरकार आफ्ना नागरिकप्रति जवाफदेही नहुँदा कतिपय निर्णयहरु गोप्य रहने गरेका छन् । स्थानीय सरकारले गरेका अनुचित र अव्यवहारिक निर्णयहरु सार्वजनिक नगर्ने परिपाटीले स्थानीय सरकार पारदर्शी हुन नसकेको प्रष्ट हुन्छ । नागरिकको बिरोध र असन्तुष्टि सामना गर्न गाह्रो हुने र आफू आलोचित हुने डरका कारण निर्णय गोप्य राख्ने गरेको बुझ्न सकिन्छ । सरकारले गरेका निर्णय सार्वजनिक नगर्दा सरकारले तानाशाही बन्ने र अनियमिततालाई प्रश्रय दिने जोखिम बढी हुने गर्दछ । हेटौंडा उपमहानगरपालिकाको वर्तमान नेतृत्व पनि कार्यपालिका बैठकको निर्णय सार्वजनिक गर्न खु । कमाउने गरेको छ । निर्धारित समयमा कार्यपालिका बैठक नबस्ने, कार्यपालिका बैठकको निर्णय सार्वजनिक नगर्ने भनेर सञ्चार माध्यम र सामाजिक सञ्जालबाट व्यापक दबाब सृजना भएपछि पछिल्ला बैठकको निर्णय सार्वजनिक गर्ने परिपाटी सुरु भए पनि सबै निर्णय सार्वजनिक नभएको तथ्य बाहिर आएको छ ।

हेटौंडा उपमहानगरपालिकाको गत माघ १६ गते बसेको थियो । बैठकले गरेका निर्णयलाई उपमहानगरपालिकाका प्रवक्ताले ८ वटा बुँदामा सार्वजनिक गरे पनि सबै निर्णय सार्वजनिक नगरिएको पाइएको हो । उपमहानगरपालिकाले कर्मचारी बढुवा गर्ने, राक्सिराङका एमबीबीए अध्ययनरत एक चेपाङ विद्यार्थीलाई दुई लाख रुपैयाँ आर्थिक सहयोग गर्ने तथा हेटौंडा स्कूल अफ म्यानेजमेन्टले आयोजना गर्न लागेको शैक्षिक सम्मेलनका लागि ३ लाख रुपैयाँ सहयोग गर्ने निर्णय उपमहानगरपालिकाले गोप्य राखेको हो । उपमहानगरपालिकाले पछिल्लो समय विभिन्न कार्यक्रमका लागि व्यापकरुपमा आर्थिक सहयोग वितरण गर्दै आएको छ । घोषित नीति तथा कार्यक्रम र सार्वजनिक बजेटको परिधिभन्दा बाहिरका क्रियाकलापमा दिइने कतिपय सहयोग असान्दर्भिक रहेकै कारण उपमहानगरपालिकाको नेतृत्वले सार्वजनिक गर्न नचाहेको बुझ्न सकिन्छ ।

सूचनाको हकलाई वर्तमान संविधानले नै ग्यारेन्टी गरेको छ । गोप्य राख्नुपर्ने जायज कारणबिनाका कुनै पनि सूचना र निर्णयहरु सार्वजनिक गर्नुपर्छ । लोकतान्त्रिक शासन पद्दतिमा जननिर्वाचित सरकार जनताप्रति उत्तर दायी हुनुपर्छ । अझ जनताको घरदैलोको सरकारको रुपमा रहेको स्थानीय सरकारले गरेका प्रत्येक निर्णय जनताले थाहा पाउनुपर्छ । यसले स्थानीय सरकारलाई जनउत्तरदायी बनाउनुका साथै सुशासन कायम गर्न मद्दत गर्दछ । केही निर्णय सार्वजनिक गर्ने र उचित कारणबिना केही निर्णय सार्वजनिक नगर्ने भनेको स्वेच्छाचारी बन्नु हो । यस्तो हुनु नैतिक र कानुनी दुबै आधारमा गम्भीर त्रुटी हो । उपमहानगर नेतृत्वको यस्तो गैरजिम्मेवार कार्य अन्त्य गर्न कार्यपालिकाका सदस्यहरु पनि जागरुक हुनु आवश्यक छ । उपमहानगर नेतृत्वलाई जथाभावी निर्णय नगर्न र गरेका निर्णय सार्वजनिक गर्न कार्यपालिका सदस्य र नगरसभा सदस्यहरुले दबाब दिनु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : जोखिम र संकटले भरिपूर्ण समय योग छ ।
**वृष** : वस्तु खरिद बिक्रीमा समय व्यतित होला ।
**मिथुन** : आत्मबल र हौसलामा कमी आउने समय छैन ।
**कर्कट** : कामका माध्यमबाट धन र मान प्राप्त होला ।
**सिंह** : निर्णयात्मक काममा ध्यान केन्द्रित नहोला ।
**कन्या** : व्यवहारिक र सामाजिक जिम्मेवारी प्राप्त होला ।
**तुला** : स्थिर प्रयोजन र शेयर कारोबारमा लागनी बढ्ला ।
**वृश्चिक** : उचित काममा सहि निर्णय गर्न सकिने योग छ ।
**धनु** : अवसर प्राप्तिका लागी दौडधूप र परिश्रम होला ।
**मकर** : लगनशील र मिहिनेतले सम्मान प्राप्त हुनेछ ।
**कुम्भ** : परिश्रमले राम्रो प्रतिफल प्राप्त हुने समय छ ।
**मीन** : आध्यात्मिक भावनाको जागृत हुने समय योग छ ।

# असल व्यक्तिका उदाहरणीय अभ्यास



**देवप्रसाद श्रेष्ठ**



२०३६ सालमा मकवानपुर क्याम्पसको स्थापना र प्रारम्भिक पढाई आधुनिक स्कुलमा भएको थियो । पञ्चायत शासनको उकुसमुकुसको बिद्रोह पनि हेटौंडामै भएको थियो । विद्यार्थीको जुलुसमा रामचन्द्र माइकललाई खुट्टामा गोली लागेको र ३ जना विद्यार्थी पञ्चायती शासकको गोली लागेर सहादत भएपछि निरंकुश पञ्चायतको विरोधमा आन्दोलनको शंखनाद हेटौंडाबाटै देशव्यापी भएपछि राजाले जनमतको घोषणा गरेका थिए ।

तात्कालिन समयमा मकवानपुर क्याम्पसमा प्रारम्भिक अवस्थादेखि अध्ययनरत दुई जना विद्यार्थीको बारे निकै प्रभावशाली साहसीको रूपमा चर्चित थिए । ती दुइमध्ये एक रामकृष्ण श्रेष्ठ बितिसक्नु भएको छ भने अर्का प्रताप बिष्ट थिए । साधारण किसान परिवारमा जन्मनुभएका प्रताप जीले हाइ स्कुलको शिक्षा-दीक्षा थाहा नगरको पालुङस्थित जनकल्याण हाइ स्कुलमा जनमुखी सहकर्मी रुपचन्द्र बिष्ट र साहित्यकार तुल्सी थापाबाट पाएका थिए । किशोरावस्थादेखि नै गरिब किसान र निमुखा जनताको पक्षमा लागेका प्रतापजी तात्कालिन समयको निरंकुश पञ्चायती शासनको विरोधमा बामपन्थी आन्दोलनमा पनि सक्रिय थिए । २०४६ सालको परिवर्तनपछि उहाँ कान्तिपुर राष्ट्रिय दैनिकमा संवाददाताको रुपमा र हेटौँडाबाट प्रकाशन हुने कुराकानी साप्ताहिकमा जोडिनु भयो ।

पत्रिकामा लागीसकेपछि समाजमा भएका महत्वपूर्ण कुराहरू थिचिएका मिचिएकहरुको कथा व्यथाहरु जनतालाई सुसूचित गर्ने काममा गाउँ-बस्ती पहरा-कन्दरामा पुग्न घुम्न थाले । समाचार खोज्ने र लेख्ने क्रममा विकट र दूरदराजका सिमान्तकृत जनजाति चेपाङ, वनकरियाहरुको दिनचर्या र जिवनीलाई नजिकबाट नियालेर सरकार र सहयोगीहरुको निरन्तर खोजी गर्दै सहयोग र उद्दार गरिरहे । पेशा र उद्देश्यप्रति इमानदारिता भएपछि गाह्रो साँघुरोलाई बिर्सेर काम गरेकै कारण ओडार र पहरामा बस्ने चेपाङ, निखन लागेका वनकरिया, दुख पाएका, थिचिएका-मिचिएका जनजातिहरुका नदेखिएका र नलेखिएका कथाहरु लेखेर समाज र जनतालाई सुसूचित गर्न र गुण लगाउन सकेको हो । वनकरिया बस्तीमा गएर बालबालिकालाई कलम-कापी बाँडेर आफ्नो जन्मदिन मनाउने, चेपाङ बस्तीमा गएर उनीहरुसँगै घुलमिल गरेर रमाएकै कारण प्रतापजी सबैका प्रिय छन् । समाजमा परिवर्तन चाहनेहरुले आफ्नो बोली अनुरुपको व्यवहार पनि बनाउनु पर्छ । अहिले हाम्रो समाजमा बोली र व्यवहारमा तादम्यता छैन । बामपन्थी छँदा सिन्दुर र टीका मात्र लगाएर जनवादी बिबाह गरेका प्रताप जीले जेठो छोराको बिहेमा भोजको रकम कट्टा गरी मानवसेवा आश्रममा एक कोठा निर्माण गर्न पाँच लाख रुपैयाँ सहयोग गरे । यसरी नै हाल कान्छा छोराको बिहेको अवसरमा हेटौँडा-९ स्थित कुश्माण्ड सरावर त्रिवेणीधाममा आकर्षक बुद्धको प्रतिमा स्थापना गरेका छन् ।

सकारात्मक सोच र परिवर्तनका लागि काम गर्नेहरुले फजुल र अनावश्यक खर्च कटाई काम गरे मात्र समाजमा राम्रो सन्देश जाने छ । हामीलाई थाहा छ हिजो एक कप चियाको भरमा सिन्दुर र टीका लगाई  जनवादी बिबाह गर्ने समाज रुपान्तरणको गुड्डी हाक्ने कम्युनिस्टहरुले सत्ताको रसस्वादन गरेर अकुत सम्पत्तित्त कमाइसकेपछि अहिले आफ्ना छोरा नातिको बिबाह तारे होटलमा सयौं हजारौंलाई भोज खुवाएर जनतालाई समाजवादमा पुग्ने भ्रम बाँडिरहेको छ । जनताको सेवा र समाजको रुपान्तरण गर्छु भनेर सपथ खाएर सत्तामा पुगेका यस्ता गतिछाडा नेताहरुका लागि प्रताप जीको काम गतिलो झापड हो । साथै समाजका लागि सकारात्मक सन्देश पनि हो ।

लामो पत्रकारिताको अनुभव बहुपक्षीय व्यक्तिहरुसँगको सम्बन्ध अन्तर आत्मादेखिको समाजप्रतिको उत्तरदायित्व बोधको कारण प्रतापजीले समाजमा आफुलाई गौरवका साथ उभ्याउन सकेको हो । राम्रो कामको प्रशंसा गर्ने उसको बानीले समाजमा राम्रो गर्ने व्यक्तिहरुबाट पनि प्रेरणा हुन्छ भनेर मकवानपुर क्याम्पसका संस्थापक प्राचार्य मुकुन्ददास श्रेष्ठ मकवानपुरका लब्धप्रतिष्ठित फुटबल प्रशिक्षक केशवलाल श्रेष्ठ सरल र विचारशील बामपन्थी नेता भक्तबहादुर श्रेष्ठको हेटौँडाको गुम्बाडाँडामा प्रतिमा राख्न सफल हुनुभएको छ ।

हेटौँडाका विभिन्न सामाजिक संस्था सहिद स्मारक विकास समिति, केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठानलगायतमा जोडिनु भएका प्रतापजी हेटौँडा खानेपानी बोर्डको पनि अध्यक्ष छन् । उनको नेतृत्वमा हेटौँडालाई खानेपानीमा आत्मनिर्भर र सफा स्वच्छ बनाएका छन् । प्रताप बिष्ट एक वरिष्ठ पत्रकार र धेरै व्यक्तिहरुमा हेलमेल भएकोले उनले समाज रुपान्तरणका लागि गरेको योगदान प्रत्यक्ष रूपमा सकारात्मक सन्देश गए जस्तै धेरथोररुपमा आफुलाई नदेखिने गरी योगदान गर्नेहरु पनि हेटौँडामा छन् । त्यसको प्रतिकात्मकस्वरुप मानवसेवा आश्रम लगायत विभिन्न सामाजिक धार्मिक र शैक्षिक संस्थाहरुमा देख्न सक्छौं । राम्रा र असल कुरा जसले समाजलाई प्रगतिको बाटोमा डोऱ्याउँछ ।

# "बालमैत्री हेटौँडा घोषणा" का चुनौति



**विवस अधिकारी**

बालमैत्री शब्दको 'बाल' भनेको बालबालिका भन्ने बुझिन्छ । भने, 'मैत्री' भन्ने शब्द 'मित्र' बाट बनेको जस्तो देखिन्छ । मित्रको अर्थ 'साथी' पनि हो । त्यसै हुनाले कतिपय व्यक्तिहरूले बालबालिकालाई साथी जस्तै या मित्रवत् व्यवहार गर्नुपर्छ, त्यसो गरेमा बालमैत्री हुन्छ भनेर भ्रममा परेको पनि पाइएको छ । तर, वास्तवमा बालमैत्री भन्नाले बालिबालिकालाई मित्र जस्तो व्यवहार गर्नु वा मित्रवत् व्यवहार गर्नु मात्रै पक्कै होईन । बालबालिकाहरूका लागि गरिने, उनीहरूसँग गरिने र उनीहरूद्वारा गराइने सम्पूर्ण व्यवस्थापन, व्यवहार र क्रियाकलापहरू बालबालिका अनुकूल र उनीहरूको हितैहितमा हुनसक्यो भने 'बालमैत्री' हुन्छ । तर, यति गर्दैमा बालमैत्री हुन्छ । फेरी के यस्तो व्यवहार बालबालिकाले प्राप्त गरेका छन् ? भन्ने सन्दर्भ यसैको पेरीफेरीमा छ ।

बालमैत्री सम्बन्धी कानून तथा नीतिगत व्यवस्था: बालबालिकाको अधिकारका निम्ति जारी भएका थुप्रै राष्ट्रिय कानूनी तथा नीतिगत व्यवस्थाका साथै नेपालले अंगीकार गरेका अन्तर्राष्ट्रिय दस्तावेजहरूका आधारमा बालमैत्री स्थानीय शासन सम्बन्धी अवधारणा ल्याइएको हो । जसमा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने व्यवस्था गरेको देखिन्छ ।

नेपाल सरकारले वि.सं. २०८७ सालसम्ममा सबै स्थानीय तहलाई बालमैत्री घोषणा गर्ने लक्ष्य निर्धारण गरेको छ । जस अनुसार अहिले स्थानीय तहहरुमा "बालमैत्री स्थानीय तह" भन्ने शब्दको व्यापक प्रयोग भएको समेत पाईन्छ । तर, बालमैत्री स्थानीय तह वा बालमैत्री स्थानीय शासन भनेको के हो भन्ने नबुझी हेडबाजीमा घोषणा मात्र गर्नाले यसले दीर्घकालिन रुपमा नकारात्मक असर गर्नेछ । नेपालमा घोषणापछि फेरि त्यो अभियान सुस्ताएको र पछि फर्केको अवस्था विद्यमान छ । त्यसैले सर्वप्रथम त बालमैत्री भन्ने कुरा बालबालिका, अभिभावक र सबै सरोकार वाला पक्षले बुझ्न जरुरी छ । अन्यथा होडबाजीमा बालमैत्री घोषणा बालबालिकाका लागि नभई कार्यक्रमका लागि मात्र हुनपुग्छ ।

### बालमैत्री स्थानीय शासन भनेको के हो ?

बालमैत्री स्थानीय शासन भन्नाले बाल बचाउ, बाल संरक्षण, बाल विकास, र अर्थपूर्ण बाल सहभागिताजस्ता बाल अधिकारका सवाललाई स्थानीय निकायको नीति, संरचना, प्रणाली र कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्दति भने बुझिन्छ ।

बालमैत्री गैर विभेदीकरण, बालबालिकाको सर्वोत्तम हित, सर्वांगिण विकास र बालसहभागिताको सिद्धान्तमा आधारित भै बालअधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्न राज्यको तर्फबाट गरिने समष्टिगत पद्दति र प्रयास नै बालमैत्री शासन हो । बाल बचाऊ, बाल संरक्षण, बाल विकास र सार्थक बाल सहभागिता जस्ता बालअधिकारका सवालहरुलाई स्थानीयस्तरको नीति, योजना, संरचना, प्रणाली र कार्यप्रक्रियामा स्थानीयस्तरमा संस्थागत गर्ने पद्दति नै बालमैत्री शासन हो ।

बालबालिका आजको साझेदार भोलिका कर्णधार र पर्सीका साझेदार हुन् । त्यसैले हाम्रो घर, समुदाय, विद्यालय तथा विकास निर्माणका सबै संरचनाहरू बालबालिकाका लागि सुहाउँदो हुनुपर्छ । हाम्रा नीतिगत निर्णयहरू बालबालिकाको सर्वोत्तम हितमा हुनुपर्छ, हाम्रा बोली तथा व्यवहारहरू बालबालिकाको प्रिय हुनुपर्छ र हाम्रा भौतिक निर्माणहरू बालबालिकाको पहुँचमा हुनुपर्छ । त्यसैले बालमैत्री शासन भनेको हामीले गर्ने विकासका सबै प्रयासहरूलाई बालबालिकाको दृष्टिले हेर्ने र सोही अनुसार निर्देशित हुनुपर्दछ ।

कतिपय स्थानीय तहहरुले बालमैत्री स्थानीय शासनलाई सूचक पूरा गर्ने र घोषणा गर्ने विषयमा मात्र बुझेको देखिन्छ । जस्तो अहिले हेटौंडा उपमहानगर पालिकाले गरिरहेको छ । अहिले बालमैत्री स्थानीय शासनले धेरैजसो घोषणाको हल्ला गर्ने र त्यसपछि फेरि पुरानै अवस्थामा फर्कने परिस्थिति भोगिरहेको पनि देखिन्छ । यो कुनै आयोजना परियोजना र कार्यक्रम होइन । बालमैत्री शासन त संस्कार हो, संस्कृति हो । यसका निश्चित कार्यविधिहरू छन् । सूचकहरू पूरा भएको सुनिश्चित गर्ने मापदण्डहरू छन् । बालमैत्री घोषणा यसका विभिन्न चरणहरूमध्ये एउटा चरण मात्र हो ।

### बालमैत्री स्थानीय शासनका सूचकहरू

बालमैत्री स्थानीय शासनका लागि बाल बचाऊका १४ सूचक, बाल संरक्षणका १० सूचक, बाल विकासका छ सूचक र बाल सहभागिताका छ सूचक गरी सेवा प्रवाहसम्बन्धी सूचक ३६ वटा र संस्थागत विकासका १५ सूचक गरी जम्मा ५१ वटा सूचक तय गरिएको छ । बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकाले तोकेका न्यूनतम सूचकहरु ८० प्रतिशत पुरा गरेको हुनुपर्दछ । भने यसमा स्थानीय तहले थप गरेका अतिरिक्त सूचकसमेत हासिल गरेको हुनुपर्ने साथै स्थानीय तहमा बालमैत्री शासन कार्यान्वयन भएको हुनुपर्दछ ।

### सूचक हेर्नुहोस्

सबै भन्दा ठुलो कुरा बालमैत्री स्थानीय शासन अवलम्वन गर्ने स्थानीय तहको कूल पूँजीगत बजेटको १५ प्रतिशत शिक्षा, स्वास्थ्य, बाल उद्यान, बाल पुस्तकालय, क्षमता विकास आदि बजेट बालबालिकाको क्षेत्रमा विनियोजित भएको छ भन्ने सुनिश्चित हुनुपर्दछ । बालमैत्री स्थानीय शासनका लागि स्थानीय तहको संस्थागत विकास, क्षमता विकास, सहकार्य र साझेदारी प्रवर्द्धन, सामुदायिक परिचालन, सामाजिक जवाफदेही र पारदर्शिता, सामाजिक समावेशीकरण, सूचना, शिक्षा र संचारको माध्यमबाट व्यवहार परिवर्तन तथा अनुगमन र मूल्यांकन जस्ता क्षेत्रहरू अपनाएको हुनुपर्दछ । यस्तै बालबालिका सम्बन्धी तथ्यांक संकलन गरी कमजोर सूचकहरुलाई प्राथमिकता दिई बालबालिकासम्बन्धी स्थानीय लगानी योजना बनाएको र स्थानीय तहले बालमैत्री आचारसंहिता लागु गर्दै आफ्ना नीति, ऐन तथा नियमावली तथा कार्यविधिहरूमा बालमैत्री स्थानीय शासनका आँखाबाट बालबालिकाका लागि निर्माण भएको हुनुपर्छ ।

अब प्रश्न उठ्छ, माथिका कुराहरूलाई हेटौँडा उपमहानगरपालिकाले आत्मसात् गरेको छ त ? हेटौँडा उपमहानगरपालिकाको प्राथमिकतामा बालबालिका परेका छन् त ?

....बाँकी पृष्ठ ३ मा

# ९० जनाको आँखामा मोतिविन्दु पहिचान

समाज संवाददाता

हेटौंडा: हेटौंडाको लायन्स क्लबहरुको संयुक्त आयोजनामा २ स्थानमा निःशुल्क आँखा शिविर भएको छ। आइतबार हेटौंडा सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोगमा मकवानपुर र बारा जिल्लामा आँखा शिविर हुँदा ९० जनाको आँखामा मोतिविन्दु पहिचान भएको हेटौंडा सामुदायिक आँखा अस्पतालका व्यवस्थापक सुधीर श्रेष्ठले जानकारी दिनुभयो।

मकवानपुरस्थित बागमती गाउँपालिकाको राईगाउँमा भएको निःशुल्क आँखा शिविरमा एक सय २४ जनाले आँखा जाँच गराएका थिए। जाँच गराएका एक सय २४ जनामध्ये २० जनामा मोतिविन्दु देखिएको श्रेष्ठले बताउनुभयो। क्लबले राईगाउँमा एक सय ५० जनाको



आँखा जाँच र २० जनामा मोतिविन्दु पहिचान हुने लक्ष्य राखेको थियो।

आइतबारै बारा जिल्लाको ईनरुवामा आँखा शिविर हुँदा ३ सय २८ जनाको आँखा जाँच भएको छ। जाँच गराएका ३ सय २८ जनामध्ये ७० जनाको आँखामा मोतिविन्दु पहिचान भएको श्रेष्ठले बताउनुभयो। क्लबले बारा जिल्लाको ईनरुवामा २ सय २० को आँखा जाँच र ४५ जनामा मोतिविन्दुको लक्ष्य राखेको थियो।

लायन्स क्लबले ७ स्थानमा निःशुल्क आँखा शिविर आयोजना गर्ने भएको छ। माघ २० गतेदेखि माघ २३ गतेसम्म विभिन्न स्थानमा निःशुल्क शिविर भइरहेको छ। शिविरको पहिलो दिन शनिबार मकवानपुरगढी गाउँपालिकामा आँखा शिविर भएको थियो। आँखा शिविरमा २५ जनामा मोतिविन्दु देखिएको हो। शिविरमा सहभागी भएका एक सय ६१ जनामध्ये २५ जनामा मोतिविन्दु पहिचान भएको थियो।

आज सोमबार सर्लाही जिल्लाको रामनगर र मकवानपुरको बुढीचौरमा शिविर हुँदैछ। मोतिविन्दु देखिएका व्यक्तिलाई हेटौंडा सामुदायिक आँखा अस्पतालमा शल्यक्रिया गरी चस्मासमेत वितरण गरिने भएको छ।

# मुद्रण उद्योग महासंघमा मकवानपुरका तीनजना

समाज संवाददाता

हेटौँडाः नेपाल मुद्रण उद्योग महासंघको केन्द्रीय उपाध्यक्षमा मकवानपुरका इन्द्रप्रसाद नेपाल निर्वाचित हुनुभएको छ। शनिबार काठमाडौंमा सम्पन्न पाँचौं महाधिवेशन तथा दशौं साधारणसभाबाट नेपाल उपाध्यक्षमा निर्वाचित हुनुभएको हो।

बागमती प्रदेश अन्तर्गत केन्द्रीय उपाध्यक्षमा ३ सय ८२ मत खसेकोमा नेपालले १ सय ८५ मत प्राप्त गर्दै निर्वाचित हुनुभएको हो। नेपाल यसअघि संघको केन्द्रीय सदस्य हुनुहुन्थ्यो। संघको केन्द्रीय सदस्यमा मकवानपुरबाट राजु नेपाल र अजिव भट्टराई निर्वाचित हुनुभएको छ। संघको केन्द्रीय अध्यक्षमा रुपन्देहीका विष्णु तिवारी निर्वाचित हुनुभएको छ। तिवारीको अध्यक्षतामा ४७ सदस्यीय समिति चयन भएको छ। कार्यसमितिको कार्यकाल २ वर्षको रहने उपाध्यक्ष नेपालले जानकारी दिनुभएको छ।

# बायोमेडिकल वर्कसपको उद्घाटन

समाज संवाददाता

हेटौंडा: हेटौंडा-१ स्थित स्वास्थ्य आपूर्ति व्यावस्थापन केन्द्र परिसरभित्र बायोमेडिकल वर्कसपको उद्घाटन गरिएको छ। बिहीबार बगमती प्रदेशका स्वास्थ्यमन्त्री उत्तम जोशीले बायोमेडिकल स्टोर्सको उद्घाटन गर्नुभएको हो।

कार्यक्रम स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको आयोजना र निक सिमोन्स इन्स्टिच्युटको प्राविधिक सहयोगमा भएको हो। इन्स्टिच्युटका निर्देशक डा. अर्चना अमात्यले बागमती प्रदेशका स्वास्थ्यमन्त्री जोशीलाई ७० लाख रुपैयाँ बराबरको बायोमेडिकल क्यालिब्रेसन उपकरण हस्तान्तरण गर्नु भएको छ। आपूर्ति व्यवस्थापन केन्द्र, मकवानपुरका निर्देशक बसन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा मन्त्री जोशीको प्रमुख आतिथ्य रहेको थियो।

बागमती प्रदेशअन्तर्गत्का १३ वटा अस्पतालमा बिग्रिएर बसेको उपकरणहरु केन्द्रमा बनाइने भएको छ। बागमती प्रदेशअन्तर्गत् रहेको विभिन्न स्वास्थ्य संस्थाहरुमा प्रभावकारी र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागि उपकरण आवश्यक रहेको आपूर्ति व्यवस्थापन केन्द्रका बायोमेडिकल इन्जिनियर नेल्सन महतले बताउनुभयो।

स्वास्थ्य मन्त्रालयअन्तर्गत्का स्वास्थ्य संस्थाहरुमा भएका मेडिकल उपकरणहरुको सूची बनाई कार्यात्मक र गैर-कार्यात्मक उपकरण छुट्याई त्यसलाई व्यवस्थापन गर्ने उद्देश्य बनाइएको छ महतले बताउनुभयो। कार्यक्रममा मन्त्री जोशीले प्रदेशअन्तर्गत्का विभिन्न अस्पतालका सेवाग्राहीबाट उपकरणको विषयमा गुनासो सुनिरहेको बताउनुभयो। अस्पतालका उपकरणहरुमध्ये कुनै प्रयोगमा नआएको तथा बिग्रिएको भन्दै मन्त्री जोशीले वर्कसपले गुनासो नआउन सहयोग गर्नसक्ने बताउनुभयो।

स्वास्थ्य मन्त्रालयका सचिव बद्रीबहादुर खड्काले वर्कसपले स्वास्थ्य सेवामा गुणस्तरीय सेवा प्रदान गर्न सहयोग गर्ने बताउनुभयो। वर्कसपले स्वास्थ्य सेवाको स्तरोन्नति हुने भन्दै सचिव जोशीले सल्लाह सुझाव दिनुभयो।

केन्द्रमा जनशक्ति र ठाउँको समस्या भएको निर्देशक अधिकारीले बताउनुभयो। केन्द्रलाई तालिम साइटमा विकास गर्दै लैजाने उद्देश्य रहेको उहाँले बताउनुभयो। कार्यक्रममा स्वास्थ्य व्यवस्था महाशाखाका निर्देशक डा. श्रवणकुमार थापा, स्वास्थ्य निर्देशनालयका दीपकप्रसाद तिवारी, स्वास्थ्य तालिम केन्द्रका निर्देशक डा. नरेन्द्रकुमार झा, स्वास्थ्य मन्त्रालयका महाशाखा प्रमुख डा. खगेश्वर गेलालगायतको उपस्थिति रहेको थियो। निक सिमोन्स इन्स्टिच्युटले नेपालको कर्णाली, लुम्बिनी, गण्डकी र सुदूरपश्चिम प्रदेशमा वर्कसप सञ्चालनमा ल्याइसकेको छ। इन्स्टिच्युटले आयोजना गर्ने तालिम सकिएपछि बागमतीमा पनि वर्कसप सञ्चालनमा आउने बताइएको छ।


# बालमैत्री हेटौँडा...

बालबालिकालाई सही व्यवहार गर्न के गर्नुपर्ने होला ? के-के चाहिं गर्नु नपर्ने, गर्न नहुने हो ? बालबालिकाहरूका लागि गरिने, उनीहरूसँग गरिने र उनीहरूद्वारा गराइने सम्पूर्ण व्यवस्थापन, व्यवहार र क्रियाकलापहरू बालबालिका अनुकूल र उनीहरूको हितैहितमा हुनसक्यो भने 'बालमैत्री' हुन्छ। बालमैत्री हुनको लागि बालबालिकाको अनुकूल मात्र हुनुपर्ने भएपछि के-के अनुकूल र कस्तो-कस्तो अनुकूल भन्ने जिज्ञासा उत्पन्न हुन्छ। यो अनुकूल भनेको बालबालिकाको व्यक्तिगत क्षमता अनुकूलको, आवश्यकता अनुकूलको, रुचि अनुकूलको, बालस्वभाव अनुकूलको भनिएको हो। अर्थात्, बाल क्षमतामैत्री, बाल रुचिमैत्री, बाल स्वभावमैत्री, बाल आवश्यकतामैत्री हुनुपर्छ भनिएको हो। जुन हेटौँडा उपमहानगरपालिकाले अबलम्बन गरेको पाईदैन। जसको प्रमाण राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कले पनि देखाउँछ।

राष्ट्रिय जनगणना २०७८ अनुसार हेटौँडा उपमहानगपालिकाको कुल जनसंख्या १ लाख ९३ हजार ५७६ रहेको छ। जसमा पुरुष ४९.४ अर्थात ९५ हजार ६७८ र महिला ९७ हजार ८९८ अर्थात ५०.६ प्रतिशत रहेको छ। भने बालबालिकाको जनसंख्या (०-१९) ६३ हजार ६२३ रहेको छ।

राष्ट्रिय जनगणनाको तथ्याङ्क अनुसार उपमहानगरपालिकाका २५ प्रतिशत बालबालिकाको जन्मदर्ता समेत नभएको पाइएको छ। यस्तै ८० जना बालबालिकाको १० वर्ष भन्दा कम उमेर मा पहिलो विवाह भएको देखिन्छ। भने (१०-१४) वर्ष उमेर समुहका १ हजार ४५१ पुरुष र ६ हजार १३ महिला, (१५-१७) उमेर समुहका ५ हजार ४७ पुरुष र १६ हजार ३७६ महिला तथा २० वर्ष मुनिका १२ हजार ६२२ पुरुष र १९ हजार ६०७ जना महिलाको पहिलो विवाह भएको तथ्याङ्कमा उल्लेख छ। त्यस्तै शिक्षा विभागको तथ्याङ्क अनुसार हेटौँडा उपमहानगरपालिका भित्र ५६ हजार ६४१ जना विद्यार्थी रहेका छन्। जसमध्ये कक्षा १-५ मा ०.८ प्रतिशत कक्षा ६-८ मा ०.७ प्रतिशत र कक्षा ९-१० मा ०.२ प्रतिशत विद्यार्थीले बिच्चैमा पढाई छोडेको पाईन्छ।

यहाँ प्रतिनिधिमूलक रुपमा एउटा क्षेत्रको तथ्याङ्कमात्र प्रस्तुत गरिएको छ। जुन बालमैत्री घोषणाका लागि प्रारम्भिक चरणको हो। बालमैत्री नगर बनाउन सबै बालबालिकाको बाँचन पाउने अधिकार, (सुरक्षित, जन्म, खोप तथा स्याहार पाउने उनीहरूको अधिकार सुनिश्चित गर्नु हो। हाम्रा बालबालिकाहरू हेला, अपमान, दुर्व्यवहार, श्रमशोषण, बालविवाह, बेचविखन, लागुऔषध, बालसैन्य आदि क्षेत्रबाट मुक्त बनाउने अभियान हो। सबै बालबालिकाले शिक्षा प्राप्त गरून्, मनोरञ्जन, खेलकूद तथा आफ्नो व्यक्तित्व विकास गर्ने अवसरहरु प्राप्त गर्नु हो। घरपरिवारदेखि राज्यस्तर सम्म बन्ने भौतिक संरचनाहरु बालबालिकाले प्रयोग गर्न सक्ने खालका बन्नु हो। बालबालिकाको कुरा सुनिने, उनीहरूलाई आफ्ना विचार व्यक्त गर्ने अवसर प्रदान गर्ने, बालबालिकाका लागि सुहाउँदो वातावरण निर्माण गर्ने, उनीहरूको आफ्नो समूहमा संगठित भएर सिर्जनात्मक काम सिक्ने अवसर पाउनु हो। तब मात्र बालमैत्री शासन हुन्छ। के हेटौंडाले यी चरणहरु पुरा गरेका छन् त ? छैन। उपमहानगरपालिकाले बालमैत्री हुनका लागि साविकका ११ वडा मात्र हैन १९ वटै वडामा स्रोत साधन, जनशक्ति, पूर्वाधारलगायतका क्षेत्रमा अझै धेरै काम गर्न बाँकी छ। त्यसैले हेटौँडा उपमहानगर पालिका "बालमैत्री घोषणा" योग्य छैन।




## बुधबारे बालसाहित्य विशेषबारे

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं। आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं।

**सम्पादक।**

# बालजागृतिका विद्यार्थीको आवाज

## मेरी आमा



निकिता लामा

मेरी आमा राम्री
सबैभन्दा प्यारी ।
माया गर्छिन् धेरै
कुट्पिट गर्छिन् थोरै ।

उहाँ ज्ञानकी देवी
सबैलाई गर्छिन् माया ।
मिठो मिठो खाना दिन्छिन्
सधैं माया गर्छिन् ।

मेरी आमा राम्री
सबैभन्दा प्यारी ।।

## चङ्गा




रुहान भगत

आकाशमा उडेको,
लामो धागो बाँधेको
लँटाई समाई उडाएको
धेरै रमाईलो भएको ।।

चरा झैं उडेको
बादललाई चुमेको
कति राम्रो पन्छी
चङ्गा झैं उडेको ।।

*कक्षा-३*

## आमा



सुलज्ञा शाह

आमा मायाकी खानी हुन्
हामी सबैको ज्ञानी हुन्
तोते बोली बोल्न पनि सिकाउने आमा
हट घोडा हट भनी हिँड्न सिकाउने आमा
च्याँ-च्याँ रुँदा पनि फकाउने आमा
भोको पेटमा बुबु-माम खुवाउने आमा
यसो गर्दै बच्चा हामी ठूला भए भए
आमा तिमी सधैं बाँच्नु तिम्रो जय जय ।

*कक्षा-३*

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2

## विद्यालय



आश्ना सुवेदी

विद्यालय विद्यालय तिमी कहाँ जान्छौ ?
हामी सबै झोला बोकी दौडी-दौडी आउँछौं ।

झोला भित्र किताब हुन्छ, गह्रौं हुन्छ सारै
आमासँग स्कुल जाँदा मजा आउँछ सारै ।

आमासँग गृहकार्य गर्दा मजा आउँछ
शिक्षक पनि मलाई स्याबास दिनुहुन्छ ।।

*कक्षा-३*





अंशु साह
कक्षा-५

# नगर खेलकुद अध्यक्ष घिमिरेद्वारा पदभार ग्रहण




नगर खेलकुद विकास समितिमा पदस्थापित अध्यक्ष र सदस्यहरु ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाको खेलकुद विकास समितिमा रविन्द्रप्रसाद घिमिरे पदस्थापित हुनुभएको छ। आइतबार सपथग्रहण लगत्तै घिमिरेले पदभार ग्रहण गर्नुभएको हो । हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाले नगर खेलकुद विकास समितिका अध्यक्ष घिमिरेसहित नवनियुक्त सदस्यहरुलाई सपथ गराउनुभएको हो । नवनियुक्त अध्यक्षको कार्यकाल ३ वर्षको हुनेछ ।

अध्यक्ष र सदस्यहरुलाई नगर प्रमुख लामाले आइतबार आफ्नै कार्यकक्षममा सपथ गराउनुभएको हो । सपथग्रहण कार्यक्रममा उपप्रमुख राजेश बानियाँ, प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईको पनि उपस्थिति रहेको थियो। नगर प्रमुख लामाले माघ ४ गते नगर खेलकुद विकास समितिको अध्यक्षमा रविन्द्रप्रसाद घिमिरेसहित सदस्यमा विजय गौतम, सुनिल लोप्चन, यज्ञबहादुर राय र सरस्वती लोलाई नियुक्त गर्ने निर्णय गर्नुभएको थियो। यस्तै नगरप्रमुख लामाले संगीता कुमारी केसीलाई माघ १९ गते शुक्रबार सदस्यमा नियुक्त गर्नुभएको थियो।

नगर खेलकुद विकास समितिको अध्यक्ष र सदस्य नियुक्त गरेको विषय उपमहानगरपालिकाको कार्यालयले औपचारिकरुपमा सार्वजनिक गरेको छैन। उपमहानगरपालिकाको वेभसाइट, उपमहानगरको सामाजिक सञ्जाल र नगर प्रमुखको सामाजिक सञ्जालमार्फत समेत नियुक्तिको औपचारिक जानकारी सार्वजनिक भएको छैन । आइतबारको सपथग्रहण कार्यक्रम पनि सार्वजनिकरुपमा गरिएको थिएन। नगर खेलकुद विकास समितिका अध्यक्ष चन्द्र शाहीको कार्यकाल गत साउन २६ गते सकिएको थियो। नगर खेलकुद विकास समितिको अध्यक्ष करिब ६ महिना रिक्त रह्यो। यता कार्यकाल बाँकी नै रहेको भन्दै नगरप्रमुख लामाको ध्यानाकर्षण गराए पनि आइतबार सदस्यको सपथ गराइएको छ।

नगर खेलकुद विकास समितिमा एकजना अध्यक्ष र २ जना महिलासहित ५ जना सदस्य रहने व्यवस्था छ। नगर खेलकुद विकास समिति ऐन-२०७७ को दफा ३ को उपदफा २ मा भएको व्यवस्था बमोजिम अध्यक्ष र सदस्य नियुक्त गरिएको हो। नगर प्रमुखले काँग्रेस, एमाले, माओवादी र नेकपा एकीकृत समाजवादी सम्वद्ध व्यक्तिहरुलाई नगर खेलकुदको संयोजक र सदस्यमा मनोनित गर्नुभएको छ । संयोजक घिमिरे नेपाली काँग्रेस, लोप्चन नेकपा एमाले, राय र केसी नेकपा एकीकृत समाजवादी र गौतम नेकपा माओवादी केन्द्रसम्वद्ध हुनुहुन्छ । गत साउन २६ गते नै यसअघिको नगर खेलकुद विकास समितिको कार्यकाल पूरा भइसके पनि समितिको संयोजकमा काँग्रेस र माओवादीको दावी भइरहँदा समिति गठनमा ढिलाई भइरहेको थियो ।

# १४२ जनाको निःशुल्क स्वास्थ्य जाँच

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिका-५ स्थित बसन्तपुरमा निःशुल्क स्वास्थ्य परीक्षण भएको छ । शनिबार रेडियो मकवानपुर र दिब्यतारा बहुउद्देशीय सहकारीको आयोजनामा भएको कार्यक्रममा एक सय ४२ जनाको स्वास्थ्य परीक्षण भएको हो ।

रेडियो मकवानपुरको १४ औं र दिब्यतारा बहुउद्देशीय सहकारीको २३ औं वार्षिक उत्सवको अवसरमा भएको कार्यक्रममा मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीको प्रमुख आतिथ्य रहेको थियो । शिविरमा गाउँपालिकाका बासिन्दाहरुले सामान्य जाँच गराएका मनहरी गाउँपालिका-५ का वडासचिव विदुर पाठकले जानकारी दिनुभयो ।

निःशुल्क स्वास्थ्य परीक्षण गराएका बासिन्दाहरुमा रुघा, खोकीलगायतका सामान्य मौसमी समस्या देखिएको बताइएको छ । मनहरी गाउँपालिका-५ वडा कार्यालयको सहयोगमा भएको कार्यक्रममा धेरै बुढ्यौली उमेरका मानिसहरुमा दमको समस्या देखिएको थियो । शिविरमा मकवानपुर सहकारी अस्पतालको प्राविधिक सहयोग रहेको थियो ।

अस्पतालको २ जना जेनरल फिजिसियन डाक्टरसहित ८ जनाको टोलीले एक सय ४२ जनाको जाँच गर्नु भएको थियो। रेडियो मकवानपुरले हरेक वर्ष वार्षिक उत्सवको अवसरमा विभिन्न स्थानमा निःशुल्क स्वास्थ्य शिविर गर्दै आएको छ।

# वक्तृत्वकलामा उप्रेती प्रथम

समाज संवाददाता

हेटौंडाः बालमैत्री नगर निर्माणमा सरोकारवालाको भूमिका विषयक वक्तृत्वकलामा हेटौँडा-६ की शितिष्मा उप्रेती प्रथम हुनुभएको छ । रेडियो मकवानपुरको १४ औं वार्षिकोत्सवको सन्दर्भमा आयोजित सप्ताहव्यापी कार्यक्रम अन्तर्गत आइतबार वक्तृत्वकला भएको हो। प्रतियोगितामा हेटौँडा-१९ की सपना बर्तौला द्वितीय, हेटौँडा ११ की सायना सापकोटा तृतीय र हेटौँडा ७ की प्रमिला थिङ सान्त्वना भएकी छिन्। प्रथम, द्वितीय, तृतीय र सान्त्वना भएकाहरुले क्रमशः नगद १० हजार, ६ हजार, ४ हजार र २ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गरेका छन्।

हेटौँडा उपमहानगरको प्रत्येक वडाबाट एक/एक जना सहभागी हुन पाउने गरी प्रतियोगिता आयोजना गरिएको थियो । हेटौँडा उपमहानगर पालिकाको सहयोगमा वक्तृत्वकला प्रतियोगिता भएको हो। रेडियो मकवानपुर सन्चालक समितिका अध्यक्ष आनन्दराम पराजुलीको अध्यक्षतामा कार्यक्रम भएको हो। हेटौँडा उपमहानगरपालिकाको महिला तथा बालबालिका महाशाखाकी प्रमुख विष्णुकुमारी लामिछानेले बालमैत्रीको विषयलाई सबै सरोकारवालाले उत्तिकै महत्व र साथ दिनुपर्ने धारणा राख्नुभयो।

# विद्यालयस्तरीय क्रिकेटमा १३ वटा टिम दर्ता

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला क्रिकेट संघको आयोजनामा हुन लागेको विद्यालयस्तरीय टी-२० क्रिकेट प्रतियोगितामा १३ विद्यालयले टिम दर्ता गराएका छन्। भोलि मंगलबारबाट सुरु हुने दोस्रो संस्करणको स्व. निरज श्रेष्ठ स्मृति टी-२० क्रिकेट प्रतियोगितामा सहभागी हुन १० वटा संस्थागत र ३ वटा सामुदायिक गरी १३ वटा विद्यालयले टिम दर्ता गराएका हुन्।

हेटौँडा-४ स्थित भूटनदेवी माध्यमिक विद्यालय, हेटौँडा-४ कै आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय र मकवानपुरगढी-३, मक्रान्चुलीस्थित भानु माध्यमिक विद्यालयले टिम दर्ता गराएका छन् । यी तीनवटै विद्यालय सामुदायिक विद्यालय हुन् ।

टिम दर्ता गराउने संस्थागत विद्यालयमा हेटौँडा-२ को ज्ञानोदय बालबाटिया एकेडेमी र बालजागृति बोर्डिङ स्कूल रहेका छन्। हेटौँडा-४ को नवोदय शिशु सदनले टिम दर्ता गराएको छ । यस्तै, हेटौँडा-५ को सिद्धार्थ शिशु सदन, जीएस निकेतन र जेनिथ बोर्डिङले टिम दर्ता गराएका छन्। हेटौँडा-८ को कमाने एकेडमी, हेटौँडा-१० को तुलसी मेहर मेमोरियल बोर्डिङ र सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी तथा हेटौँडा-११ को हेटौँडा एकेडेमीको टिम पनि दर्ता गरिएको छ।

प्रतियोगिताको खेलतालिका आज सोमबार पत्रकार सम्मेलनमार्फत् सार्वजनिक गरिने प्रतियोगिताका संयोजक सञ्जोक पोखरेलले बताउनुभयो । लिग कम नकआउटको आधारमा हुने प्रतियोगिता आयोजनाका लागि हेटौँडा स्कूल अफ म्यानेजमेन्ट, हेटौँडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालय, नारायणी यातायात, सिद्धार्थ प्यालेस, नेपाल इन्भेष्मेन्ट मेघा बैंक, नेशनल इन्सुरेन्सलगायतबाट सहयोग प्राप्त भएको संयोजक पोखरेलले बताउनुभयो। प्रतियोगिताको प्रत्येक खेलको म्यान अफ द म्याचका लागि हेटौँडा-४ को क्वीक-२० होटल र हेटौँडा-१० को रोड हाउस रेष्टुरेन्टले खाना र नास्ताको प्रायोजन गरेको छ।

आउँदो चैत महिनामा हुने क्रिकेट प्रतियोगितामा १६ वर्ष उमेर समूहका खेलाडी छनोट गर्नका लागि प्रतियोगिताको आयोजना गर्न लागेको संयोजक पोखरेलले बताउनुभयो। विद्यालयस्तरीय प्रतियोगितामा सहभागी हुने खेलाडीहरुमध्ये पहिलो चरणमा उत्कृष्ट २२ जना छनोट गरेर प्रशिक्षण दिने उहाँले बताउनुभयो । प्रतियोगिता आयोजनाका लागि ५ लाख ५० हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको छ ।

प्रतियोगिताको उपाधि विजेता टिमले ४० हजार रुपैयाँ र उपविजेता टिमले २० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। प्रतियोगिताको उत्कृष्ट बलर र उत्कृष्ट ब्याट्सम्यानले ३ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन्। म्यान अफ द सिरिजले ५ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन्।

पहिलो संस्करणको प्रतियोगिताको उपाधि हेटौँडा-४ को भूटनदेवी माध्यमिक विद्यालयले जितेको थियो भने उपविजेता हेटौँडा-१० को सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी बनेको थियो। गत वर्ष ८ वटा संस्थागत र ४ वटा सामुदायिक गरी १२ वटा विद्यालयको सहभागिता रहेको थियो । मकवानपुर जिल्ला क्रिकेट टिमका पूर्वकप्तान निरज श्रेष्ठको सम्झनामा गत वर्षदेखि प्रतियोगिताको आयोजना गर्न लागिएको मकवानपुर जिल्ला क्रिकेट संघका अध्यक्ष करन महत्रा क्षेत्रीले बताउनुभयो।

# मकवानपुरमा जनमत पार्टीको समिति गठन

समाज संवाददाता

हेटौंडाः सिके राउत नेतृत्वको जनमत पार्टीले मकवानपुर जिल्लामा तदर्थ समिति गठन गरेको छ। शुक्रबार हेटौंडामा भएको भेलाले सन्तबहादुर राईको संयोजकत्वमा ९ सदस्यीय जिल्ला समिति गठन गरेको पार्टीका केन्द्रीय सदस्य एवम् मकवानपुर जिल्ला इन्चार्ज रामरमण सुवेदीले जानकारी दिनुभयो ।

समितिको उपसंयोजकमा मनमाया गौतम चयन हुनुभएको छ । यसअघि गएको साउनमा गठन भएको ४ सय ९० सदस्यीय समितिलाई खारेज गर्दै अहिले ९ सदस्यीय समिति गठन गरेको इन्चार्ज सुवेदीले बताउनुभयो । पार्टीको विधानअनुसार अब ६ महिनाभित्रमा अधिवेशन गरेर समिति चयन गरिने उहाँले बताउनुभयो ।

जनमत पार्टीले मकवानपुरमा संगठन विस्तार गर्न सुरु गरेको उहाँको भनाइ छ । जनमतले अहिलेसम्म हेटौँडा-१२, १३ र १९ नम्बर वडामा वडास्तरीय पार्टी कमिटी गठन गरेको छ भने बकैया-२ मा पनि कमिटी गठन गरेको छ।

## बालजागृति युवावर्ष माविको 'अभिभावक भेला

# निर्वाचित अभिभावक सबै महिला



विद्यार्थीलाई पुरस्कृत गर्नुहुँदै शिक्षा अधिकृत रमेश विडारी ।

समाज संवाददाता

हेटौंडाः हेटौँडा-६ स्थित बालजागृति युवावर्ष माविको ४० औं वार्षिक अभिभावक भेला शनिबार भएको छ । अभिभावक भेलामा विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारीलाई सम्मान समेत गरिएको छ । अभिभावक भेलाबाट नयाँ समिति चयनका लागि अभिभावकबाट सबै महिला निर्वाचित भएका छन् ।


अभिभावक भेलाबाट चार जना सदस्य सर्वसम्मत चयन गरिएको छ । विद्यालय व्यवस्थापन समितिको सदस्यमा कोपिला चौलागाई, कविता चौलागाई, पार्वती घिमिरे र राधिका लामा छनौट भएका छन् । अभिभावकबाट ४ जना सदस्य चयनपछि व्यवस्थापन समितिले २ जना मनोनित गरेर व्यवस्थापन समितिको अध्यक्ष चयन गरिने विद्यालयकी प्रधानाध्यापक सम्झना अधिकारीले जानकारी दिनुभएको छ ।

वडाध्यक्ष विष्णु बहादुर दहालको प्रमुख आतिथ्यमा अभिभावक भेला भएको प्रधानाध्यापक सम्झना अधिकारीले जानकारी दिनुभयो। कार्यक्रममा संस्थापक अध्यक्ष तिलक प्रसाद दुलाल, विद्यालय व्यवस्थापन समितिका सदस्य पदमलाल दुलाललाई सम्मान गरिएको छ। अभिभावक भेलामा शिक्षक शिवप्रसाद चौलागाई, अभिभावक कविता चौलागाई, विद्यालयमा नियमित उपस्थित हुने विद्यार्थी कृतिका ढकाललाई सम्मान गरिएको छ। अभिभावक भेलामा प्रधानाध्यापक अधिकारीले विद्यालयको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । अभिभावक भेलामा हेटौँडा उपमहानगरपालिकाको शिक्षा महाशाखाका अधिकृत रमेश विडारीको पनि आतिथ्य रहेको थियो ।

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर
बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः बिहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"
छैठौं स्थानीय तह सहीद स्मृति अन्तर्राष्ट्रिय गोल्डकप फुटबल-२०८०

आजको खेल
राजारानी क्लब धनकुटा VS त्रिभुवन आर्मी क्लब काठमाडौं
समयः दिनको ठिक २:०० बजे
स्थानः गौरिटार रंगशाला
हेटौँडा-६, मकवानपुर
आयोजक
मकवानपुर जिल्ला फुटबल संघ

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ